**बैठक संख्याः २६**

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७७।०२।११ गते आइतबार दिनको १२.०० बजे बसेको बैठकका निर्णयहरुः

१. यस समितिबाट आमन्त्रित शिक्षाविद् श्री मनप्रसाद वाग्ले र शिक्षाविद् श्री विद्यानाथ कोइरालारले आजको कार्यसूचीमा परेको विषय विश्वव्यापी महामारीको रुपमा देखा परेको नोवेल कोरोना भाइरस (कोभिड-१९) को कारणबाट नेपालमा विभिन्न क्षेत्र लगायत शिक्षा क्षेत्रमा देखा परेको असर र भावी दिशाका सन्दर्भमा समिति समक्ष आ-आफ्ना धारणा प्रस्तुत गर्नु भयो । यसरी प्रस्तुत गर्नु भएको धारणाउपर माननीय सदस्यहरुले आ-आफ्ना जिज्ञासा राख्नु भयो ।

२. शिक्षाविद्हरुले माननीय सदस्यहरुले राख्नु भएका जिज्ञासाहरुको जवाफ दिँदै महामारी पश्चातको अवस्था यकीन गर्न नसकिने भएकोले शिक्षक तथा बिद्यार्थीहरुलाई सुरक्षित रहने वातावरण तयार गरी पालोमा पठनपाठनको व्यवस्था गर्ने एवम् छापा, रेडियो, टेलिभिजन, अनलाइन आदि माध्यमबाट विद्यालय सञ्चालनको व्यवस्था गरी सहजीकरणको जिम्मा स्थानीय सरकारलाई दिने, Small school concept मा जानु उपयुक्त हुने राय प्रस्तुत गर्नु भयो ।

३. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो ।